नेपाल सरकार
श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय
वैदेशिक रोजगार विभाग
(प्रशासन, योजना तथा संस्था दर्ता शाखा)

फोन नं. ४७८२६१६, ४७८२६७१, ४७८२६४८, ४७८२७१०, ४७८२६५८
Email: info@dofe.gov.np
बुद्धनगर, काठमाण्डौ

प.सं. २०७७।०७८ च.नं.

मितिः२०७७/०९/१५

# अनलाइन पुनः श्रम स्वीकृति सम्बन्धी बैदेशिक रोजगार विभागको सूचना

बैदेशिक रोजगार विभागको अनलाइन प्रणाली (FEIMS) बाट श्रम स्वीकृति लिइसक्नुभएका र हाल पुनः श्रम स्वीकृति लिन चाहने बैदेशिक रोजगारीमा कार्यरत नेपाली नागरिकहरुले म्यादी जीवन बीमा र कल्याणकारी कोषको रकम भुक्तानी गरी अनलाइन माध्यमबाट नै श्रम स्वीकृतिको आवेदन दिई श्रम स्वीकृति प्राप्त गर्न सकिने गरी अनलाइन प्रणालीबाट पुनः श्रम स्वीकृतिको कार्य यही मिति २०७७/०९/१७ (सन् २०२१ जनवरी ०१) बाट सुचारु हुने भएकोले बिदामा स्वदेश आउनुभएका तथा विदेशमै रहनुभएका सबैको जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ ।

<u>अनलाइन पुनः श्रम स्वीकृति सम्बन्धमाः</u>

- एकपटक विभागको अनलाइन प्रणालीबाट **Biometrics (Iris** आँखाको स्क्यान वा **Fingerprint** औंठाछाप स्क्यान) गरेर श्रम स्वीकृति लिइसक्नुभएकाहरुले अनलाइन पुनः श्रम स्वीकृति सेवा लिन सक्नुहुनेछ ।
- अनलाइन मार्फत पुनः श्रम स्वीकृतिको लागि सेवा प्राप्त गर्न बैदेशिक रोजगार विभागको वेबसाइट **dofe.gov.np** को 'अनलाइन श्रम स्वीकृति (FEIMS)' मार्फत फारम भर्नुहोस । फारम भरिसकेपछि शाखा छान्ने बेलामा **Online Branch** छान्नुहोला।
- श्रम स्वीकृतिका क्रममा कुनै कारणले आवेदन **Reject** भएमा सोको कारण सहितको **SMS** आवेदकको मोवाइल नं र आवेदन गर्दाको **User Account** मा सूचना जाने हुँदा आफ्नो मोवाइल नं र इमेल ठेगाना सही भर्नुहोला साथै श्रम स्वीकृतिको लागि आवेदन गर्दाको **Username** र **Password** सुरक्षित राख्नुहोला ।
- श्रम स्वीकृति प्राप्त भएपछि आवेदकको फारम भर्दाको **FEIMS** को **User Account** र इमेल ठेगाना दुवैमा श्रम स्वीकृतिको निस्सा प्राप्त हुनेहुँदा आवेदक आफैंले आवश्यकता अनुसार प्रिण्ट गर्न सकिनेछ।
- म्यादी जीवन बीमा र कल्याणकारी कोषको रकम अनलाइन भूक्तानी प्रदायक मार्फत समेत भुक्तानी गर्न सकिनेछ। अनलाइन भुक्तानी गर्दा कुनै प्रकारको थप शुल्क लाग्दैन ।
- अनलाइन सेवा प्राप्त गर्न कार्यालय उपस्थित भइरहनु नपर्ने हुँदा यसबाट सेवाग्राहीहरुलाई थप सहज हुने अपेक्षा सहित पुनः श्रम स्वीकृतिको लागि अनलाइन सेवाको अधिकाधिक प्रयोग गर्नुहुन अनुरोध छ।